IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management (Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
prateekdaily.com

बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुनसक्छ, त्यसैले सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत २० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 April 02 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१४

## अधूरो हुलाकी सडक हस्तान्तरण भएपछि ठोरीवासी आन्दोलित

चिरञ्जीवी सापकोटा, ठोरी, १९ चैत/

वीरगंज–ठोरी हुलाकी सडक अधूरो नै हस्तान्तरण भएपछि ठोरीका बासिन्दा आन्दोलनमा उत्रिएका छन्। राजमार्गको चमरीहोलदेखि ठोरीको चौतारासम्म जोड्ने सडक निर्माणको काम पूरा नभएको अवस्थामा हस्तान्तरण भएपछि ठोरीवासी आक्रोशित बनेका हुन्। उनीहरूले निकुञ्ज मातहतको स्थानीय कार्यालयहरूमा बिहीवार तालाबन्दी गरेका छन्।

निकुञ्जको कारण निर्माण अधूरो रहेकै अवस्थामा बुधवार इन्डियन कन्सल्टेन्सीका प्रतिनिधिले हुलाकी राजमार्गका प्रतिनिधिलाई अधूरो सडक हस्तान्तरण गरेपछि ठोरीवासी आक्रोशित भएका हुन्। उनीहरूले चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत रहेको निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिको कार्यालय र वनशक्ति सामुदायिक वनको कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका छन्।

चितवन राष्ट्रिय निकुञ्जको अवरोधका कारण झन्डै ५ किलोमिटर सडकखण्डको निर्माण कार्य अधूरो छोडी इन्डियन कन्सल्टेन्सीले नेपाली पक्षलाई सडक हस्तान्तरण गरेकै भोलिपल्ट स्थानीयले सङ्घर्ष समिति गठन गरी आन्दोलनमा उत्रिएका छन्। चितवन राष्ट्रिय निकुञ्जसँग प्रत्यक्ष सरोकार राख्ने दुईवटा कार्यालयमा तालाबन्दी गरिएको सङ्घर्ष समितिले जनाएको छ। राष्ट्रिय निकुञ्जले निकास नदिएसम्मका लागि अनिश्चितकालीन तालाबन्दी गरिएको समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

स्थानीयहरूको भेलाले जगेन्द्र पौडेलको संयोजकत्वमा १७ सदस्यीय सङ्घर्ष समिति गठन गरेको छ। पौडेलको संयोजकत्वमा गठित सङ्घर्ष समितिका सदस्यहरूमा कमल तिमल्सिना, सन्तोष श्रेष्ठ, प्रकाश खनाल, खगेन्द्र श्रेष्ठ, रञ्जीत थापालगायत सदस्यहरू छन्। निकुञ्जको कारण हुलाकी सडक निर्माण अधूरो रहेको तर निकुञ्ज सम्बद्ध जनप्रतिनधिमूलक एकाइहरूले कुनै पहल नगरेको स्थानीयको भनाइ छ।

हुलाकी सडकले निकुञ्जसँग समन्वय गरी जतिसक्दो छिटो काम सम्पन्न गर्नुपर्ने स्थानीयको ठहर रहेको सङ्घर्ष समिति गठन गर्नुपरेको संयोजक पौडेलले बताए। ठोरी गाउँपालिकाको कार्यालयले समेत राष्ट्रिय गौरवको आयोजनामा कुनै चासो नदिएको र अधूरो सडक हस्तान्तरण हुँदा मौन समर्थन दिएको भन्दै आन्दोलनको माध्यमबाट पालिकाको ध्यानाकर्षण गराइने सङ्घर्ष समितिका पदाधिकारीहरूले चेतावनी दिएका छन्।



वीरगंज–ठोरी हुलाकी सडक अधूरो नै हस्तान्तरण भएपछि राजमार्गमा विरोध गर्दै स्थानीय। तस्वीरः प्रतीक

## पर्सामा ३८६ शय्या आइसोलेशन तयार -प्रमुख चौरसिया

नितेश कर्ण, वीरगंज, १९ चैत/

पर्सा जिल्लामा कोरोनाविरुद्ध तयारीहरू भइरहेको स्वास्थ्य कार्यालय, पर्साले जनाएको छ। स्वास्थ्य कार्यालय, पर्साका प्रमुख कामेश्वर चौरसियाले ३८६ शय्याको आइसोलेशनको तयारी गरिएको बताए।

उनले नेशनल मेडिकल कलेज कोरोना अस्पताल, नारायणी अस्पताल, कलवार धर्मशाला, गोपाल मण्डली, पोखरिया जिल्ला अस्पताल र भिखमपुर, बागेश्वरी, बगही स्वास्थ्य चौकीमा गरी ३८६ वटा आइसोलेशन तयारी गरिएको जानकारी गराए। उनले पछिल्लो चरणमा कोरोना सङ्क्रमण पुनः बढ्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै तयारीका कार्यक्रमहरू भइरहेको बताए।

सीमासँग जोडिएका पर्सा जिल्लाका पालिकाहरूमा पूर्ववत्‌रूपमा हेल्पडेस्कको स्थापना गर्न सम्बन्धित पालिकालाई कोभिड–१९ सङ्कट व्यवस्थापन समितिमार्फत निर्देशन गरिएको बताए। उनले भारतबाट नेपाल प्रवेश गर्ने वीरगंजको मुख्य प्रवेशद्वारमा हेल्पडेस्क स्थापना गरिएको र क्रमशः सीमासँग जोडिएका इलाकाहरूमा पनि हेल्पडेस्कको स्थापना गर्ने बताए।

पर्सा जिल्लामा चैतमा २० जना सङ्क्रमित फेला परेको र तीमध्ये १८ जना होम आइसोलेशनमा रहेको र दुईजनालाई काठमाडौं रेफर गरिएको प्रमुख चौरसियाले जानकारी गराए।





शङ्कराचार्यद्वारनजीकै हेल्पडेस्कमा भारतबाट आएकाहरूको विवरण सङ्कलन गरिंदै र स्वास्थ्य कार्यालयका प्रमुख कामेश्वर चौरसिया। तस्वीरः प्रतीक

हालसम्म पर्सा जिल्लामा ३१ हजार १ सय ७६ जनाको पिसिआर परीक्षण गरेकोमा ३ हजार १ सय ८६ जनामा पोजेटिभ देखिएको र तीमध्ये ३ हजार १ सय २ जना डिस्चार्ज भइसकेको बताए।

पर्सा जिल्लामा कोरोनाबाट ५३ जनाको मृत्यु भएको उनले जानकारी गराए। छिमेकी भारतमा कोरोनाको सङ्क्रमण बढेसँगै पर्सा जिल्लामा भारतबाट आउने व्यक्तिहरूको निगरानी बढाइएको र हेल्पडेस्कमा उनीहरूको विवरण सङ्कलन गरी नेपाल प्रवेश गर्न दिएको बताए।

## संयुक्त राष्ट्रसङ्घको नमूना कार्यक्रम वीरगंजमा शुरू

प्रस, परवानीपुर, १९ चैत/

वीरगंजमा जिएसएस–एमयुएनको तेस्रो शृङ्खला शुरू भएको छ। नेशनल इन्फोटेक कलेजको साझेदारीमा गौतम मावि वीरगंजको आयोजनामा तीन दिनको लागि शुरू भएको यो इभेन्टको उद्घाटन हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एन्ड सोशल साइन्स कलेजका निर्देशक पुरनबहादुर जोशीले गरेका थिए। गौतम माविले आयोजना गर्ने भएकोले नमूना राष्ट्रसङ्घीय गतिविधिको बारेमा विद्यार्थीलाई सिकाइ गराउने केन्द्रीय कार्यक्रम रहेकोले यो कार्यक्रमको नाम जिएसएस–एमयुएन राखिएको हो।

नमूना संयुक्त राष्ट्रसङ्घीय कार्यक्रममा विद्यार्थीहरूले २३ वटा देशका प्रतिनिधि बनेर विश्वव्यापीरूपमा रहेका समस्या र सोको समाधानका बारेमा संयुक्त राष्ट्रसङ्घका पाँचवटा समितिका कार्ययोजनाबारे आआफ्नो विचार तथा अभिव्यक्ति प्रस्तुत गरी भाषणकलामा आफ्नो क्षमता अभिवृद्धि गर्नेछन्। राष्ट्रसङ्घको सभा जस्तै विद्यार्थीले नमूना छलफल र अभ्यास गर्नेछन्। विद्यार्थीहरूले क्षेत्रीय आर्थिक एकीकरण, जलवायु परिवर्तन, परमाणुको प्रयोग कुन अवस्थामा गर्ने वा कम गर्दै जाने, महिला सशक्तीकरण, रङ्गभेद, जातीय मुद्दा, प्रेस स्वतन्त्रतालगायत विविध विषयमा छलफल हुने आयोजकले जनाएको छ। कार्यक्रमको अन्तिम दिनसम्म सबै समूहका सहभागीहरूले छलफल गरेका समस्या र सोको समाधान गर्न आगामी दिनमा सँगै मिलेर अघि बढ्ने मार्गसहित एक/एक वटा घोषणापत्रसमेत सार्वजनिक गर्नेछन्।



तस्वीरः प्रतीक

कार्यक्रमले शिक्षण प्रणालीबाट बाहिर निस्केर नयाँ अभ्यासको थालनी गरेको बताउँदै अन्य शैक्षिक संस्थाले पनि यसबाट पाठ सिक्नुपर्ने कार्यक्रमका प्रमुख अतिथि जोशीले बताए। जिएसएस–एमयुएनका अध्यक्ष एवं गौतम माविका संयोजक एल्विन रेन्जरको सभापतित्वमा भएको कार्यक्रममा नेशनल इन्फोटेक कलेजका निर्देशक मनीष सिंह, गौतम माविका कार्यकारी निर्देशक सोनम लामा, बिआइटी कलेजका रामकुमार शर्मा, नवदीप एकेडेमीकी संस्थापक निर्देशक सुशीला साह, मानव सेवा आश्रम प्रदेश नं २ का संयोजक देवेश गुप्तालगायतको सहभागिता थियो।

राकेशकुमार साहको संयोजकत्वमा भएको कार्यक्रमको सहजीकरण सौराज प्रधान र महिमा साहले गरेका थिए।



तस्वीरः प्रतीक

## गोली प्रहारबाट युवकको मृत्यु

प्रस, रक्सौल, १९ चैत/

भारत, बिहारको रामगढवा थाना क्षेत्र अन्तर्गत चम्पापुरको मननामा अज्ञात समूहको गोली प्रहारबाट एकजनाको मृत्यु भएको छ।

बिहीवार बिहान स्थानीय ३५ वर्षीय पन्नालाल साहलाई अज्ञात समूहले गोली प्रहार गरी हत्या गरेको रामगढवा पुलिस थानाध्यक्ष सन्तोषकुमार शर्माले बताए। प्रहरीले घटनास्थलबाट श्री नट पेस्तोल र एउटा खोका बरामद गरेको छ।

मृतकका भाइ मोहनलाल साहका अनुसार बिहीवार बिहान ५ बजे मनरेगा पार्कनजीकै खेतमा गहुँ काट्न गएका पन्नालाललाई अज्ञात व्यक्तिले गोली प्रहार गरेपछि उनी अचेत भएका थिए। साढे ५ बजेतिर उनलाई गाउँलेहरूले देखेपछि उपचारको लागि रक्सौल लैजाने क्रममा बाटोमा मृत्यु भएको मृतकका भाइ मोहनलालले बताए। मृतक पन्नालाल दुई भाइसँगै टायल्स उद्योगमा काम गर्दथे। शवको शल्यपरीक्षणको लागि मोतीहारी पठाइएको थानाध्यक्ष सन्तोष कुमारले बताए।



घटनाको अनुसन्धान गर्दै प्रहरी। तस्वीरः प्रतीक

## वीरगंजमा रगत अभाव

प्रस, वीरगंज, १९ चैत/

रक्तसञ्चार केन्द्र वीरगंजमा रगतको अभाव भएको छ। रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले ओ पोजिटिभबाहेक सबै समूहको रगत अभाव भएको बताएका छन्।

फागु पूर्णिमा अगावै चैत १३ गतेपछि रक्तदान कार्यक्रम हुन नसकेको कारण रगतको अभाव भएको बताएका छन्। केन्द्रबाट दैनिक ५० युनिटसम्म रगतको खपत भइरहेको र रक्तदान कार्यक्रम प्रभावित हुँदा रगतको अभाव भएको उनले बताए।

रगतको अभाव टार्न सबै सङ्घसंस्था र रक्तदातालाई रक्तदान गर्न आग्रह गरिएको छ।

आफ्नो तुलना अरूसँग गर्दै न गर । किनकि तिमी ईश्वरको सर्वोत्तम रचना हौ । ईश्वरको कुनै पनि रचना आफैंमा सर्वोत्त्कृष्ट हुन्छ ।

-विचारसार र सूक्तिहरू


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# नागरिकताविहीन नागरिक

**बाजेले नेपालको अङ्गीकृत नागरिकता पाएको ४२ वर्ष पुग्यो । बुबाआमा दुवैले जन्मको आधारमा २०६३ सालमा नागरिकता पाए। तिनै बाजेका नाति र जन्मसिद्ध बुबाआमाका छोरा २२ वर्षीय युवक नागरिकताविहीन छन् । "२०६३ सालमा जन्मको आधारमा नागरिकता पाएकाहरूको सन्तानलाई नागरिकता दिने अधिकार आफूहरूलाई नभएको" प्रमुख जिल्ला अधिकारीले जवाफ दिएपछि युवक उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा पुगे। अदालतले युवकको पक्षमा फैसला गर्‍यो। फेरि पनि सम्बन्धित जिल्लाका प्रजिअ "नयाँ किसिमको मुद्दा भएकोले कानून व्यवसायीहरूसँग छलफल एवं परामर्श गरेर मात्रै नागरिकता दिन सकिने वा नसकिनेबारे जवाफ दिन्छु" भनिरहेका छन् । जसको बाजे नै नेपाली नागरिक हो र उनको बुबाआमा नेपालमैं जन्मिएका हुन् भन्ने पोख्त प्रमाण छ। सोही आधारमा निवेदक युवक नेपाली हुन् भन्ने घाम जत्तिकै छर्लङ्ग हुन्छ। अझै केही अस्पष्ट छ भने उनको बाजेको पालाभन्दा पहिलेदेखि निरन्तररूपमा यही मुलुकमा बसोबास गर्दै आएका प्रमाणहरू पर्याप्त छन्। तब पनि उनले नागरिकता पाएका छैनन्। यस्तै समस्या भोगिरहेका र राज्यविहीन बनाइएका मानिस हाम्रो मुलुकमा धेरै छन्।**

**जन्मको आधारमा नागरिकता पाउनु मानवको नैसर्गिक एवं मानव अधिकार हो। विश्वका धेरै मुलुकमा अस्पतालको जन्म प्रमाणपत्र भएका व्यक्ति त्यस मुलुकको नागरिक ठहर्छ। त्यहाँ उसको बुबा, आमा हुनु नहुनुले कुनै फरक पर्दैन। हाम्रो मुलुकमा पनि जन्म वा लामो समय बसोवासको आधारमा नागरिकता दिन सकिने व्यवस्था धेरै पहिलेदेखि नै छ, तर कार्यान्वयनमा आएन । आवश्यकता ठहर गरेर निर्माण गरिएका ऐन, कानून कार्यान्वयन भएन भने समस्या खडा हुन्छ। नागरिकतासम्बन्धी समस्या निकै जेलिएपछि यसलाई निकास दिन २०६३ सालमा हाम्रो मुलुकमा पनि जन्मको आधारमा नागरिकता वितरण गरियो । तर कार्यान्वय र अनुगमन पक्ष कमजोर हुँदा त्यसले ठूलो बदनामी कमाएको छ । पैसाको भरमा नागरिकता खरीद-बिक्री भएको भन्दै यसरी वितरण गरिएको नागरिकता खारेज गर्नुपर्ने बहस पनि अझै यदाकदा चल्ने गरेको छ।**

**समाजका टाढाबाठा केही अगुवा र केही कर्मचारीले नागरिकता बेचेर पैसा असुले होलान्। कुनै पनि बेला छानबिन गरेर सरकारले कारबाई गर्न सक्छ । तर यही बहानामा वास्तविक जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकताबाट वञ्चित गरी राज्यविहीन बनाइनुहुँदैन । कानूनीरूपमा स्पष्ट व्यवस्था छ, "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिनेछैन" नेपालको संविधान २०७२ को भाग २ मा स्पष्ट छ। त्यसैगरी, सोही संविधानको दफा ११ को उपदफा ३ मा "यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकको सन्तानले आमाबुबा दुवै नेपालका नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछन्" उल्लेख छ। संविधान, ऐन, कानूनमा उल्लेख भएका कुरा पनि सर्वसाधारणको लागि भने आकाशको फल बनेको छ । अध्ययन, अध्यापन, रोजगार, व्यापार, विवाह, जन्म, मृत्युलगायत हरेक काममा नागरिकता नै चाहिने यो मुलुकमा नागरिकताविहीन युवाहरूको अवस्था के होला, उनीहरू कति मानसिक तनावमा होलान् । सरकार, तिनका अधिकारी र राजनीतिक अगुवाहरूमा चेत पलाओस्।**

# अमेरिका-चीन तनावपूर्ण सम्बन्ध

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**भारतले पनि क्वाडलाई स्वतन्त्र र समृद्धिको मञ्चको रूपमा विकसित गरिएको बताएको छ तर यथार्थमा चीनले भने यसलाई आफ्नो निम्ति ठूलो चुनौती नै ठानेको छ । हुन पनि क्वाडको भित्री आशय चीनको प्रभावलाई कम गर्नु नै हो ।**

विश्वका प्रमुख शक्ति अमेरिका र चीनबीचको चिसिंदो सम्बन्ध जो बाइडेनको प्रशासनमा पनि निरन्तरता नै पाउने निश्चित छ। २१औं शताब्दीको अधिकांश समय यी दुई देशबीचको प्रतिद्वन्द्विता तथा प्रतिस्पर्धाले नै आकार ग्रहण गर्ने निश्चित छ। हालै अलास्कामा सम्पन्न चीन र अमेरिकाबीचको दुई पक्षीय वार्तामा पनि आपसी कटुतालाई कम गर्ने विषयमा सहमति कायम हुन सकेन। चिनियाँ राष्ट्रपति सी जिनपिङको महत्त्वाकाङ्क्षी परियोजना बिआरआईको विरोधमा 'इन्डो-प्यासिफिक रणनीतिक परियोजना' र क्वाडको गठन 'साउथ चाइना सीमा' चीनविरोधी मोर्चाको सक्रियताले चीन र अमेरिकाबीचको दुई पक्षीय सम्बन्धमा कटुता थपेको नै थियो। कोभिड-१९ को सङ्क्रमण चीनकै वुहानबाट फैलिएको भन्ने अमेरिकी आरोपले चीनलाई विश्व समुदायको नजरमा खलपात्र बनाइदिएको छ । वर्तमान अवस्थामा अमेरिका र चीनको सम्बन्ध जटिल अवस्थामा रहेको मान्न सकिन्छ।

खासमा निवर्तमान अमेरिकी राष्ट्रपति डोनाल्ड जे. ट्रम्पको शासनकालमा अमेरिका र चीन सम्बन्धमा तिक्तता थपिएको विश्लेषण गरिन्छ तर यथार्थमा पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबामाकै शासनकालको अन्त्यतिर नै अमेरिका-चीन सम्बन्धमा कटुता आउन थालेको थियो । ओबामाले चीनको बारेमा सम्मानजनक शब्दको प्रयोग अवश्य पनि गर्दथे। रचनात्मक, जिम्मेवार र बलियो चीनलाई अमेरिकाले स्वागत गर्ने ओबामाको दाबी थियो। तर ओबामाको 'पिभोट टू एशिया' योजना चीनको उदय रोक्न नै ल्याइएको थियो । चीनलाई नियन्त्रण गर्ने ओबामाको रणनीतिलाई ट्रम्पले ट्रान्स प्यासिफिक पार्टनरशिपबाट बाहिरिएर कमजोर बनाइदिए। विश्वको ४० प्रतिशत व्यापार हुने १२ देशको सहभागिता रहने उक्त बृहत्तर सम्झौताले चीनलाई काउन्टर दिने विश्वास गरिएको थियो । तर ट्रम्पले लोकप्रियतामुखी राष्ट्रवादी मार्गको अवलम्बन गरे। उनले गलत व्यापार अभ्याससमार्फत आफ्नो देशमा लूट मचाएको आरोप लगाउन थाले । चीनलाई सम्झौताको प्रस्ताव गर्नेदेखि प्रतिबन्धको धम्की दिने ट्रम्पको रणनीति रह्यो । ट्रम्पको रणनीतिले चार वर्षमा अमेरिकालाई उपलब्धि दिनेभन्दा समस्या निम्त्यायो । यस अवधिमा चीनले दक्षिण-पूर्वी एशियामा प्रभाव जमाउने काम निरन्तर जारी राख्यो। यसबीच सी जिनपिङले चिनियाँ सेनालाई आधुनिक बनाएर विस्तार गर्दा अमेरिकाले पेन्टागनको बजेट बढाएर ७३८ अर्ब डलर बनायो । अमेरिकाले उइगुर मुसलमानप्रतिको चीनको दुर्व्यवहार तथा हङकङमा बढ्दो हस्तक्षेपको आलोचना गर्‍यो । उता अमेरिकाले पश्चिमासँग मानव अधिकार, राष्ट्रिय सार्वभौमसत्ताको सम्मान, साइबर सुरक्षा तथा सैन्यबारे पाठ नपढाउने नैतिकता गुमाएको चीनको तर्क छ । अमेरिकाले तिब्बत तथा ताइवानको विषयलाई पनि चर्चामा ल्याएर चीनलाई घेर्ने प्रयास गर्दछ।

करीब डेढ दशकअघि अस्ट्रेलिया, भारत, जापान र अमेरिका मिलेर क्वाड नामक एउटा लूज (हलुको) सङ्गठन स्थापना गरेका थिए, त्यति बेला यसको उद्देश्य एशियामा चीनको बढ्दो आक्रामक अभियानमाथि नियन्त्रण कायम गर्नु थियो। व्यापकरूपमा यसलाई एउटा बलियो एशियाली नाटोको रूपमा विश्लेषण गर्ने काम पनि भएको थियो । यी चारवटै लोकतान्त्रिक देशले गएको नोभेम्बरमा साझा समुद्री अभ्यास पनि गरेका थिए। हालै उपरोक्त चारवटै देशका शासनाध्यक्षहरूले पहिलो क्वाड सम्मेलनमा सहभागिता पनि जनाए । हुनत यस सङ्गठनलाई केहीले एउटा देशको विरोधमा निर्माण गरिएको चारवटा देशको एउटा क्लबको रूपमा पनि विश्लेषण गरिरहेका छन् तर यथार्थमा यो यस क्षेत्रमा लोकतन्त्रको संरक्षण तथा संवर्द्धन, यसको आर्थिक प्रगतिको निम्ति कोभिड-१९ खोप उपलब्ध गराउनुदेखि लिएर जलवायु परिवर्तनमा समेत सँगसँगै काम गर्ने चाहने राष्ट्रहरूको सङ्गठनको रूपमा बुझ्न क्वाडका सदस्य राष्ट्रहरूले आग्रह गरेका छन्। अमेरिकाले पनि क्वाडको अभिरुचि समुद्री सुरक्षामा भएपनि हाम्रा साझा हितको गन्तव्य निकै अगाडिसम्म रहेकाले क्वाड अब निकै सकारात्मक दृष्टिकोणले अगाडि बढ्ने विश्वास व्यक्त गरेको छ।

क्वाड समूहको एउटा ठूलो परीक्षा पनि चाँडै नै हुने भएको छ। दक्षिण कोरिया चीनको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । अमेरिकाले दक्षिण कोरियालाई क्वाडसित आबद्ध हुन आग्रह गर्न सक्छ। उत्तर कोरियाबाट हुन सक्ने सम्भावित आक्रमणलाई रोक्न दक्षिण कोरियाले आफ्नो भूभागमा मिसाइल प्रतिरक्षा अमेरिकी रक्षाप्रणाली तैनाथ गरेर बेइजिङको आक्रोशलाई बुझिरहेको हुनुपर्दछ। सियोल अवश्य पनि क्वाडलाई एउटा लोकतान्त्रिक तथा समान विचारधारा भएका राष्ट्रहरूको समूहको रूपमा हेर्न चाहन्छ, जो चीनको शत्रु साबित नहोस्। अवश्य पनि राष्ट्रहरूका बीचमा मूल्य र मान्यतामा आधारित साझेदारीको आयु लामो हुने गर्दछ । भारतले पनि क्वाडलाई स्वतन्त्र र समृद्धिको मञ्चको रूपमा विकसित गरिएको बताएको छ तर यथार्थमा चीनले भने यसलाई आफ्नो निम्ति ठूलो चुनौती नै ठानेको छ। हुन पनि क्वाडको भित्री आशय चीनको प्रभावलाई कम गर्नु नै हो।

बिआरआईमार्फत एक भूमण्डलीकृत आर्थिक सम्बन्धको सञ्जाल गठन गरेर अर्थतन्त्रमा अमेरिकालाई उछिन्ने चीनको योजना देखिन्छ। चीनले शङ्घाई सहयोग सङ्गठन, ब्रिक्स र एशिया पूर्वाधार एवं लगानी बैंक जस्ता विभिन्न बहुपक्षीय तथा आर्थिक संस्थानको निर्माण गरिसकेको छ। पश्चिमेली आधिपत्यको अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंक जस्ता संस्थानसित प्रतिस्पर्धाका लागि यी संस्थाको निर्माण गरिएको मानिन्छ । अमेरिकाका अनुभवी राष्ट्रपति जो बाइडेनले आफ्नो राष्ट्रिय सुरक्षा टीममा धेरैजना एशियाविज्ञलाई राख्नुको अर्थ चीनलाई ध्यानमा राखेर नै हो। बाइडेन प्रशासनले पनि चीनलाई नै अमेरिकाको शीर्ष चुनौती घोषित गरिसकेको छ । यता ब्रिटेनले पनि हिन्द-प्रशान्त क्षेत्रमा आफ्नो उपस्थितिलाई बढाउने योजनासहित राष्ट्रिय सुरक्षा तथा अन्तर्राष्ट्रिय नीति सार्वजनिक गरेको छ। नयाँ नीतिमा हिन्द-प्रशान्त क्षेत्रमा सुरक्षा र प्रतिरक्षासम्बन्धी गतिविधिहरू क्रियाशील पार्दै लाने बेलायतको योजना छ। मुस्लिम समुदायको अधिकार हनन गरेको भन्दै पश्चिमा देशहरूले चिनियाँ अधिकारीमाथि प्रतिबन्ध लगाएका छन्। अल्पसङ्ख्यक उइगुरलाई चीनको पश्चिमी क्षेत्रमा सिनजियाङका शिविरमा राखिएकाहरूलाई यातना दिइएको, बलपूर्वक श्रममा लगाइएको र यौन दुर्व्यवहार गरिएको भन्दै पटक-पटक समाचारहरू सार्वजनिक भइरहेको भन्दै युरोपेली सङ्घ, अमेरिका र क्यानडाले आपसमा समन्वय गरी चीनविरुद्ध आर्थिक प्रतिबन्ध लगाएको युरोपेली सङ्घले तीन दशकअघि सन् १९८९ मा चिनियाँ लोकतन्त्र समर्थक प्रदर्शनकारीहरूमाथि त्यहाँका सेनाले गोली चलाएपछि मानव अधिकार हननको विषयलाई लिएर युरोपेली सङ्घले चीनविरुद्ध प्रतिबन्ध घोषणा गरेको थियो। उइगुर र अन्य अल्पसङ्ख्यक समुदायका १० लाखभन्दा बढी मानिसलाई सिनजियाङमा बनाइएका शिविरमा थुनामा राखिएको अनुमान छ।

चीनको सबैभन्दा ठूलो क्षेत्र सिनजियाङ सिद्धान्ततः स्वायत्त क्षेत्र भएपनि व्यवहारमा केन्द्र सरकारको ठूलो हस्तक्षेप छ । अमेरिकी प्रतिरक्षामन्त्री लायड जस्टिनको हालै सम्पन्न भारत भ्रमण पनि कमोबेस यसै उद्देश्यमाथि प्रेरित थियो। भारत र अमेरिकाले हिन्द-प्रशान्त क्षेत्रलाई स्वतन्त्र, खुला र समावेशी बनाउनेमा जोड दिनुको अर्थ चीनलाई कमजोर बनाउने प्रयास नै हो। अमेरिकी रक्षामन्त्रीले विश्वको तीव्ररूपमा बदलिएको परिस्थितिमा अमेरिकाका लागि भारत महत्त्वपूर्ण साझेदार भएको र स्वतन्त्र र खुला हिन्द-प्रशान्त क्षेत्रका लागि भारत र अमेरिकाबीचको सम्बन्ध निकै महत्त्वपूर्ण रहेको दाबी गर्नुको तात्पर्य नै यसैबाट प्रेरित बुझिनुपर्दछ कि चीन र अमेरिकाबीचको दुई पक्षीय सम्बन्ध वर्तमान अवस्थामा कटुतापूर्ण रहेको छ।

# वायु प्रदूषणको दीर्घकालीन उपाय खोज्न आग्रह

काठमाडौं, १९ चैत/रासस

राष्ट्रिय मानव अधिकार आयोगले वायु प्रदूषण तथा प्राकृतिक विपद्को जोखिम न्यूनीकरण गर्न तत्कालीन तथा दीर्घकालीन उपायहरूको अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले बिहीवार जारी गरेको प्रेस विज्ञप्तिमा नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको संरक्षणार्थ जोखिम न्यूनीकरणका लागि तत्कालीन र दीर्घकालीन उपायहरू अवलम्बन गर्न ध्यानाकर्षण गराइएको हो।

आयोगले विज्ञहरूसँग गरेको परामर्श अनुसार वायु प्रदूषणबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ। हालै देखिएको अत्यधिक डढेलोलाई नियन्त्रण गर्न, घर तथा कृषि कार्यबाट निस्कने फोहर जलाउने काममा नियन्त्रण गर्न र सवारीसाधनको प्रयोगलाई सम्भव भएसम्म कम गरी वायु प्रदूषणको अवस्थामा तत्काल सुधार ल्याउन सकिन्छ।

गत शुक्रवारदेखि काठमाडौं उपत्यकालगायत मुलुकका विभिन्न स्थानमा बढिरहेको वायु प्रदूषणका कारण नागरिकको स्वास्थ्यमा असर परेको थियो। यस सम्बन्धमा आयोगले नियमितरूपमा अनुगमन गर्नुका साथै आयोगमा सरोकारवालासँग छलफल गरेको जनाएको छ।



तस्वीर: सौजन्य

पछिल्लो समयमा नेपालका विभिन्न ठाउँमा आगलागी तथा डढेलो लागेको, वायु प्रदूषणका कारण आँखा पोल्ने, खोकी लाग्ने, नाक चिलाउने समस्या अत्यधिकरूपमा देखिएको सञ्चार अनुगमनबाट पाइएको जनाएको छ । सुक्खायाम, अत्यधिक डढेलो तथा पश्चिमी वायु कमजोर भएका कारण केही दिनयता देखिएको वायु प्रदूषण विश्व स्वास्थ्य सङ्गठनले तोकेकोभन्दा अत्यन्तै खराब अवस्थामा रहेकाले मानव स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने वातावरण विज्ञहरूले छलफलको क्रममा सुझाव दिएका छन्।

वायु गुणास्तर मापन सूचक (एक्युआई) अनुसार गत आइतवार काठमाडौंमा मापन गरिएको वायुको गुणस्तर तीन सयभन्दा बढी पुगेको देखिएकाले ज्येष्ठ नागरिक, बालबालिका, दम, श्वासप्रश्वाससम्बन्धी दीर्घरोगीमा अत्यन्तै जोखिम हुने हुनाले सचेत रहनुपर्ने विज्ञहरूले ध्यानाकर्षण गराएका थिए। सोही अनुसार सरकारले चार दिन विद्यालय बन्द गर्ने निर्णयसमेत गरेको थियो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

## आर्थिक विकास मात्र समृद्धि हो त ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**अब उत्पादकहरूले कस्ता खाद्य वस्तु, फलफूल, तरकारी उत्पादन गर्ने भन्ने कुराको निर्धारण उपभोक्ताहरूको हित र रुचि अनुसार नभएर उत्पादकहरूले प्राप्त गर्न सक्ने नाफाको स्थितिले गर्नेछ। अब बजारलाई नाफाले नियन्त्रण गर्नेछ।**

अब आउने बीस–पच्चीस वर्षमा नेपालमा जीरा, धनिया, बेसार, ज्वानो, मरिच, ल्वाङ मेथीजस्ता खाद्य वस्तुहरूको उत्पादन बन्द हुनेछ । यी वस्तुहरू भारतबाट आयात गर्न त सकिने छ तर अहिलेको भन्दा दोब्बर, तेब्बर, चौबर महँगो हुनेछ । अथवा सामान्य आय हुने व्यक्तिले खरीद गर्न कठिन हुने किसिमले महँगो हुनेछ । यस्तै स्थिति तरकारीको रूपमा प्रयोग गरिने घिरौला, झिगुनी, सिमी, सोइजन, करैला, परवल, आदिको पनि हुनेछ । क्रमिकरूपमा यी तरकारी लोप भएर जानेछन् ।

के कारणले उपरोक्त वस्तुहरूको उत्पादन बन्द हुनेछ ? कारण के हो भने ती वस्तु उत्पादन गर्न उत्पादन लागत अति पर्ने र उत्पादकहरूलाई ती वस्तु उत्पादन गरेर बजारमा बिक्री गर्दा थोरै लाभ प्राप्त हुने हुँदा उनीहरू बढी लाभ प्राप्त हुने वस्तु उत्पादन गर्नेतिर लाग्नेछन्। र उपरोक्त किसिमका खाद्य वस्तुको उत्पादन बन्द गर्नेछन् । हुन त भारतमा पनि ती वस्तुको उत्पादन कालान्तरमा बन्द हुने सम्भावना छ, तर भारतको कृषि नेपालको भन्दा निकै विकसित भएकोले त्यस्ता वस्तुहरू अझै केही वर्षसम्म उत्पादन हुने तर तिनको मूल्य भने अति चर्को हुनेछ ।

अब नेपाली कृषकहरूले थोरै जमीन लिएर धेरै फल्ने, कम समयमा धेरै ठूलो आकार र परिमाणमा फल्ने, कम लागतमा धेरै फल्ने एवं कम परिश्रममा धेरै फल्ने तरकारी, फलफूल, खाद्यान्न आदि उत्पादन गर्नेछन् । र यस्तै स्थिति भारतमा पनि हुनेछ । अर्थात् अब कृषकहरूले कम जमीन लिएर बढी फल्ने जस्तै बन्दा कोभी, फूलकोभी, फर्सी, भन्टा जस्ता तरकारी उत्पादन गर्नेछन् । यी तरकारी आकार र तौल दुवै अधिक भएका हुन्छन् । त्यसैले यस्ता तरकारी बिक्री गर्दा उत्पादक एवं बिक्रेतालाई बढी नाफा हुन्छ । त्यसकारण अब परवल, झिगुनी, बोडी, करैलाजस्ता धेरै जग्गा लिएर थोरै फल्ने, कम वजन हुने तरकारी उत्पादन गर्ने छैनन् ।

अब बजारमा उपभोक्ताहरूको स्वास्थ्यलाई फाइदा पुऱ्याउने खाद्यान्न, फलफूल, तरकारीभन्दा उत्पादक (कृषक) हरूलाई अत्यधिक फाइदा हुने खाद्यान्न, फलफूल, तरकारी आदि बिक्री हुनेछन्। त्यसकारण उत्पादकहरूको मुख्य उद्देश्य स्वस्थकर वस्तुको उत्पादनभन्दा बढी नाफा दिने वस्तु उत्पादन गर्नु हुनेछ । अब बजारमा परम्परागतरूपमा उपभोक्ताहरूलाई फाइदा हुने स्वस्थकर वस्तुको बिक्री ज्यादै कम, थोरै समयमा उत्पादकलाई बढी नाफा हुने तरकारी, फलफूल एवं खाद्य वस्तु बिक्री हुनेछ । यस किसिमका वस्तु बिक्री गरेर उत्पादकले राम्रो आम्दानी प्राप्त गर्न सक्नेछ, उनीहरूको आर्थिक स्थितिमा चमत्कारी परिवर्तन आउने छ। तर यस किसिमबाट आएको यस्तो परिवर्तन के जनहितमा हुनेछ ? यस किसिमको आर्थिक विकास (कृषकहरूले थोरै लगानी गरेर धेरै लाभ प्राप्त गर्न सक्ने स्थिति) ले समाजमा के समृद्धि ल्याउने छ ?

अब उत्पादकहरूले कस्ता खाद्य वस्तु, फलफूल, तरकारी उत्पादन गर्ने भन्ने कुराको निर्धारण उपभोक्ताहरूको हित र रुचि अनुसार नभएर उत्पादकहरूले प्राप्त गर्न सक्ने नाफाको स्थितिले गर्नेछ। अब बजारलाई नाफाले नियन्त्रण गर्नेछ। यसरी बजार केवल नाफाद्वारा नियन्त्रित वा परिचालित हुनेछ । बजारको काम उपभोक्ताहरूलाई असल वस्तु उपलब्ध गराउनुको सट्टा बिक्रेता एवं उत्पादकहरूलाई बढी नाफा हुने वस्तु बिक्री गर्नुहुनेछ। अर्थात बजार उपभोक्ता होइन, बिक्रेता एवं उत्पादकमुखी हुनेछ।

आर्थिक विकास गर्ने सन्दर्भमा बजारलाई उत्पादक एवं बिक्रेतामुखी बनाउनु के राम्रो कुरा हो ? यस्तो स्थितिले समाजमा के समृद्धि ल्याउने छ ? मानव सभ्यता सुरक्षति रहने छ ?

आर्थिक विकासका लगि हामी अनेक अनेक कार्य गरिरहेका छौं । तर ती कार्यहरूले हाम्रो जीवनमा के सकारात्मक प्रभाव परेको छ ? यो महत्त्वपूर्ण प्रश्न हो । यो प्रश्नको सही उत्तर खोज्नु अत्यावश्यक छ ।

बाली सुनिश्चित पार्न, उत्पादन वृद्धि गर्न, कम खर्च गरेर धेरै मुनाफा प्राप्त गर्न कृषकहरूले कृषि बालीमा ठूलो मात्रामा कीटनाशक औषधि प्रयोग गरिरहेका छन् । बढी लाभ प्राप्त गर्ने लोभमा उत्पादक (कृषक)हरूले बालीमा ठूलो परिमाणमा कीटनाशक औषधि, कृषि मल एवं अन्य रासायनिक वस्तु प्रयोग गर्दा उपभोक्ताहरूको स्वास्थ्यमा ठूलो समस्या देखिने निश्चित छ । उपभोक्ताहरूलाई अनेक गम्भीर रोग लाग्ने निश्चित छ । तर पनि हामी कीटनाशक औषधी मिसाइएको तरकारी आर्थिक विकासको नाममा खान तयार छौं । आर्थिक फाइदाको नाममा खान विवश छौं ।

बढी नाफा प्राप्त गर्न कृषि बालीहरूमा कीटनाशक औषधी प्रयोग गर्ने कार्य जारि नै रहने छ । हामी कीटनाशक औषधी मिसाइएको खानेकुरा खान बाध्य भइ नै रहने छौं । आर्थिक विकासको नाममा हामीले विभिन्न किसिमका जोखिम वहन गरि नै रहनुपर्नेछ । अहिलेको आर्थिक विकासको सिद्धान्तले यिनै कुरा बताइरहेकोजस्तो लाग्दछ ।

आर्थिक विकासको नाममा, बढी लाभ प्राप्त गर्ने उद्देश्यका साथ अहिले उत्पादकहरूले ठूलो परिमाणमा लैपटप, सेलफोन (मोबाइल फोन), आइपैड, नोटपैड आदि बजारमा ल्याइरहेका छन्। बजारमा यी वस्तुहरूको माग पनि ठूलो परिमाणमा छ । वयस्कहरूले यस्ता सामग्री प्रयोग गर्नु त उचित छ तर आजभोलि यस्ता वस्तु बालबालिकहरूले उपयोग गर्न थालेका छन् । यहाँसम्म कि शिशुहरू पनि यस्ता साधन उपयोग गर्न थालेका छन्। बालबालिकाहरूले सेलफोन, आइपैड, नोटपैडलाई खेलौना जस्तो चलाइरहेका छन् । सामान्य किसिमको खेलौना खेलेर बालपनको आनन्द लिनु पर्ने ठाउँमा बालबालिकहरू अहिले अति बौद्धिक (सेलफोन, नोटपैड, आइपैड) वस्तुसँग खेलिरहेका छन्। यस किसिमका वस्तुसँग खेल्ने बालबालिकाहरूको बौद्धिक विकास कस्तो होला सोचनीय कुरा हुन आएको छ ।

बालबालिकाहरूले खेल्ने सामान्य किसिमका खेलौनाहरूको उत्पादन कम भएको छ । खेलौनामात्र बिक्री गर्ने भण्डारको रूपमा प्रसिद्धि पाएका पसलहरू धमाधम बन्द हुँदैछन्। अर्कोतिर सेलफोन, आइपैड, नोटपैड आदिको बिक्रीमा व्यापक वृद्धि आएको छ।

खेलौनाको बिक्रीमा कम तर सेलफोन, आइपैड आदिको बिक्रीमा ठूलो आम्दानी हुने भएकोले उत्पादकहरूले खेलौना होइन सेलफोन, आइपैड उत्पादन गरिरहेका छन्। बिक्रेताहरूले पनि यस्तै वस्तुको बिक्रीबाट बढी लाभ प्राप्त गरिरहेका छन् । सामान्य खेलौनाहरूको उत्पादन र बिक्री दुवैमा ह्रास आएको छ । कस्तो बिडम्वना ! जुन कुरा (सामान्य खेलौना) ले बालबालिकाको बौद्धिक विकास हुन्छ त्यसको उत्पादन र बिक्री क्रमिकरूपमा घटिरहेको छ तर जुन कुराले बालाबालिकको बौद्धिक विकासमा प्रतिकूल असर पार्छ त्यसको बिक्रीमा व्यापक वृद्धि भइरहेको छ ।

हाम्रो व्यवहार, सोच, चिन्तन आदिलाई बजारले अति नै प्रभावित गरिरहेको छ । बजारलाई आर्थिक विकासको चिन्तनले, नाफा एवं लाभले, अति प्रभावित गरिरहेको छ । आर्थिक विकासको हाम्रो यो चाहनाले के साँच्चीकै हाम्रो आर्थिक विकास भइहरेको छ त ? के हामीले सहीमा समृद्धि प्राप्त गरिरहेका छौं ? वा हामी आफ्नै क्रियाकलापद्वारा ठगिइरहेका छौं ?

आर्थिक विकासको नाममा भइरहेका यस्ता क्रियाकलापले हामीलाई समृद्धिको दिशातर्फ लगिरहेको छैन ।

के समृद्धि भनेको केवल भौतिक सुख मात्र हो ? के अनेक नयाँनयाँ वस्तु उपभोग गरेर मात्र समृद्धि प्राप्त गर्न सकिन्छ ?

समृद्धि भनेको सन्तोष पनि हो । सन्तोष त गर्नैपर्छ ।

कुन परिमाणमा र कति सङ्ख्यामा नयाँनयाँ वस्तु एवं सेवा प्रयोग गर्ने त ? के आर्थिक विकास भनेको मानव सभ्यतालाई प्रतिकूल पार्ने वस्तुहरूको जानाजानी उपयोग गर्नु मात्र हो त ?

## स्काइलाइन मल अन्तिम चरणमा

प्रस, वीरगंज, १८ चैत/

औद्योगिक नगरी वीरगंजमा ८० करोड रुपैयाँको लागतमा निर्माण भइरहेको सुविधासम्पन्न स्काइलाइन मलको काम अन्तिम चरणमा पुगेको छ। आदर्शनगरस्थित कन्ट्री इन होटलभन्दा पश्चिम आठ तले मलको करीब ८५ प्रतिशत काम सम्पन्न भएको छ । तीन महीनामा काम सक्ने लक्ष्य राखिएको छ।



निर्माणाधीन मल । तस्वीरः प्रतीक

मधेस आन्दोलन र नाकाबन्दीपछि वीरगंजमा होटल तथा पर्यटन व्यवसायमा अर्बौं रुपैयाँको लगानी थपिएको छ । २०७४ कात्तिकदेखि शुरू भएको स्काइलाइन मलको निर्माण कार्य तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएकोमा कोरोना महामारीको कारण समय र लगानीमा वृद्धि भएको लगानीकर्ताहरू बताउँछन् ।

एकै छानोमुनि होटल, मल, रेस्टुराँ, सिनेमा हल, पार्टी प्यालेस, फिटनेश क्लब, स्वीमिङ पुललगायत सुविधा भएको मल सम्भवतः वीरगंजकै सबैभन्दा ठूलो आधुनिक मल हुनेछ ।

मल निर्माणमा वीरगंजको जगदम्बा समूह, क्याल समूह, शालिमार समूह र कलश समूहका नयाँ पुस्ताका मारवाडी समुदायको लगानी छ । नेपाल, भारत तथा विदेशबाट अध्ययन पूरा गरी बदलिंदै गरेको आधुनिक परिवेशको मागलाई मध्यनजर गर्दै सामूहिक सपनाको उपज हो, वीरगंजमा भव्य मलको निर्माण ।

जगदम्बा समूहका प्रतीक अग्रवाल, कलश समूहका अंशुमन पटवारी, अङ्कुर भङ्गड र उनकी पत्नी आकृति अग्रवाल, शालिमार समूहका हेमन्त बैद, क्याल समूहका अनुज क्याललगायतको यसमा लगानी रहेको छ।

वीरगंज कोरिडोरमा सञ्चालित शुभश्री जगदम्बा सिमेन्टका साझेदार उद्योगपति राजेश अग्रवालका प्रतीक भतिजा हुन् भने आकृति अग्रवाल छोरी। कलश सिमेन्टका सञ्चालक एवं वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल पटवारी (अग्रवाल) परिवारका सदस्यहरू अंशुमन र अङ्कुर हुन् । हेमन्त बैद वीरगंजका उद्योगपति अशोक बैदका छोरा हुन् भने क्याल घरानाका अनुज क्याललगायत आधा दर्जन व्यापारिक घरानाको यसमा लगानी रहेको बताइएको छ ।

"वीरगंजमा एकै थलोमा सबै सुविधा भएको मलको आवश्यकता महसूस गरेका थियौं, आशा छ यसबाट वीरगंजको पूर्वाधार निर्माण, पर्यटन तथा व्यापारमा सहयोग पुग्नेछ," एकजना लगानीकर्ताले भने । ग्राउन्ड फ्लोरमा पार्किङ हुनेछ भने पहिलोदेखि तेस्रोसम्म प्रतितला १० वटा पसलका दरले ३० वटा कोठा हुनेछन्। चौथो तलामा पार्टी प्यालेस र रेस्टुराँ हुनेछन् ।

त्यसैगरी, पाँचौं र छैटौं तलामा २२५ र १४० जना अट्ने क्रमशः दुईवटा सिनेमा हल हुनेछन् । सातौं र आठौं तलामा फिटनेश क्लब, जिमखाना र स्वीमिङ पुल रहने बताइएको छ । अहिले भवनको काम अन्तिम चरणमा पुगेको छ भने तीन महीनामा इन्टेरियर डिजाइन, साजसज्जा र रङ्गरोगनको काम सकेर मल सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

## अब नेपाली आकाशमा इन्टरनेटको सुविधा

काठमाडौं, १९ चैत/रासस

विदेशी वायुसेवा कम्पनीहरूले नेपाली आकाशमा उडान गर्दा अब दूरसञ्चार सेवा उपयोग गर्न पाउने भएका छन् ।



नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल नागरिक उड्डयन प्राधिकरणसँगको समन्वयमा विदेशी वायुसेवा कम्पनीलाई आकाशमा नै उक्त सेवा प्रयोगको अनुमति दिन लागेको हो।

गत चैत ९ गते बसेको दूरसञ्चार प्राधिकरण सञ्चालक समितिको बैठकले उक्त निर्णय गरेसगैं नेपाली आकाशमा विदेशी एयरलाइन्सले इन्टरनेट तथा मोबाइल फोनको प्रयोग गर्न पाउने भएका हुन् ।

प्राधिकरणले विदेशी वायुसेवा कम्पनीले माग गरेमा दश हजार फिट उचाइमा उक्त सेवा प्रयोगको अनुमति दिन सक्ने निर्णय गरेसँगै नेपाली आकाशमा दूरसञ्चार सुविधा पाउन सकिने प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए ।

उनका अनुसार अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) बाट अनुमति प्राप्त एयरलाइन्सले उक्त सुविधा पाउनेछन् । आइकाओको अनुमतिको आधारमा प्राधिकरणले उक्त सेवा उपलब्ध गराउन अनुमति दिनेछ।

दश हजार फिटभन्दा कम उचाइमा इन्टरनेट सेवा सञ्चालनको अनुमति दिंदा नेपालभित्रको फ्रिक्वेन्सीमा अवरोध हुन सक्ने अनुमान गर्दै उक्त सुविधा दिइएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणमा तीन विदेशी वायुसेवा कम्पनीले आकाशमा इन्टरनेट सेवा सञ्चालनका लागि आवेदन दिएका थिए। विदेशी कम्पनीको माग (आवेदन)का आधारमा प्राधिकरणले नेपाल नागरिक उड्डयन प्राधिकरण, सञ्चार मन्त्रालयलगायतका निकायसँग छलफल गरी बोर्ड बैठकबाट सेवा सञ्चालनको अनुमति दिने निर्णय गरेको हो ।

यसअघि भारत र अफगानिस्तानले दश हजार फिटभन्दा माथिको आकाशमा इन्टरनेट सेवा प्रदान गर्दै आएका छन् । उक्त दुई देशपछि आकाशमा दूरसञ्चार सेवा उपलब्ध गराउने दक्षिण एशियाकै तेस्रो देश नेपाल बनेको छ ।

## ठोरी–माडीमा १२ पुल निर्माण हुँदै

वीरगंज, १९ चैत/रासस

हुलाकी सडक अन्तर्गत पर्साको ठोरीदेखि चितवनको माडीसम्मको सडकखण्डमा १२ वटा पुल द्रुतगतिमा निर्माण हुन थालेका छन् ।

रु एक अर्ब १७ करोड ३१ लाख २७ हजार ४४२ को लागतमा ठोरी–माडी हुलाकी सडकखण्डमा १२ वटा पुल द्रुतगतिमा निर्माण हुन थालेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगंजले जनाएको छ ।

ती पुल १० प्रतिशतदेखि ६५ प्रतिशतसम्म निर्माण सम्पन्न भइसकेको सो कार्यालयका सूचना अधिकारी सञ्जयकुमार ठाकुरले बताए । पर्साको ठोरीबाट चितवनको माडीसम्म रहेका रिउखोलाको पुलको लम्बाइ २५४ दशमलव ७५ मिटर, लम्बाइखोला १११ दशमलव १५ मिटर, घाघरखोला १२७ दशमलव एक मिटर, पतरीखोला ४१ दशमलव दुई मिटर, परवीखोला ९७ दशमलव एक मिटर, भालुखोला १७ दशमलव २ मिटर र टुनामुनाखोला ६४ दशमलव १५ मिटर रहेको छ ।

यसैगरी, बाँदरमुडेखोला २६ दशमलव दुई मिटर, रतनीखोला २२ दशमलव २ मिटर, मुगइखोला ९७ दशमलव एक मिटर, चिताइखोला २७ दशमलव दुई मिटर र देवेन्द्रपुरबाट बगड बसपार्कसम्म सात दशमलव सात मिटर गरी जम्मा १२ वटा खोलामा पुलको निर्माण भइरहेको छ ।



ठोरी–माडी सडक अन्तर्गत देवेन्द्रपुर–बगही सडकखण्ड । तस्वीरः प्रतीक

सो खोलामा रहेका पुलको निर्माण कार्य सम्पन्न भएपछि ग्रामीण क्षेत्रमा रहेको सडक सञ्जाललाई सदरमुकाम वीरगंजसँग जोड्नेछन्। ठोरी र माडीमा निर्माण भइरहेको पुल बनिसकेपछि पर्सा जिल्लाका १४ स्थानीय तहका नागरिकलाई चितवनसँग जोडिनुका साथै सवारीसाधन आवागमनमा सजिलो हुने विश्वास स्थानीयवासीले लिएका छन् ।

हुलाकी सडक अन्तर्गत रहेको उक्त पुल निर्माण सम्पन्नपछि चितवन जिल्लामा उत्पादन हुने हरियो तरकारी, फलफूल र अन्न बालीलाई समेत बजारीकरण गर्न सजिलो हुँदै जाने किसान विजय पण्डितको भनाइ छ ।

# समृद्धिका लागि आर्थिक असमानता घटाऊ

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आम नागरिक कुनै न कुनै रूपमा उत्पादन र विनिमय प्रक्रियामा आबद्ध भएपछि उसको जीवनशैली र आर्थिक एवं सामाजिक हैसियतमा परिवर्तन आउँछ । यही परिवर्तन नै खासमा विकास र समृद्धिको सूचक हो । मुलुकलाई समृद्धिको यात्रामा अघि बढाउने हो भने यस्तो परिवर्तन अपरिहार्य छ ।**

नेपालमा आम्दानी र सम्पत्तिको असमानता बढ्दो प्रवृत्तिका रूपमा देखा परेको छ । मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भएपछि पनि धनी र गरीबबीचको खाडल थप फराकिलो हुँदै जानु उदेकलाग्दो विषय हो । यसले हाम्रो आर्थिक विकासका नीतिमा पुनरवलोकन गर्नुपर्दछ भन्ने सन्देश दिएको छ । हुनत सरकारले आर्थिक असमानता घटाउने प्रतिबद्धता दोहोर्‍याउँदै आएको छ। तर पनि यसमा सफलता प्राप्त हुन सकेको छैन। नेपालमा धनी र गरीबबबीचको खाडल पुर्न न सरकार, न व्यक्ति, न समुदायले नै प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छ । फलस्वरूप आर्थिक असमानता घटाउने कार्यमा उल्लेखनीय प्रगति हुन सकेको छैन ।

अक्सफाम इन्टरनेशनलले हालै सार्वजनिक गरेको 'असमानता घटाउने प्रतिबद्धता सूचकाङ्क २०२०' मा विश्वका १५८ मुलुकमध्ये नेपाल ११२ औं स्थानमा छ। सार्वजनिक सेवा (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) मा खर्च, प्रगतिशील कर र श्रम अधिकारलाई मुख्य आधार मानिएको सो सूचकाङ्कमा नेपाल दक्षिण एशियाली मुलुकहरूमध्ये चौथो स्थानमा छ। सूचकाङ्कको शीर्षस्थानमा नर्वे रहेको छ भने पुछारमा दक्षिणी सुडान रहेको छ। यस अघि सन् २०१८ को सूचकाङ्कमा विश्वका १५७ मुलुकमध्ये नेपाल १३९औं स्थानमा थियो । अघिल्लो र पछिल्लो सूचकाङ्कको तुलनात्मक विश्लेषण गर्ने हो भने केही प्रगति भएको भन्ने अवश्य देखिन्छ तर वास्तवमा आर्थिक असमानता घटाउने कार्यमा भने उल्लेखनीय सफलता हासिल हुन सकेको छैन । धनी र गरीबबीच बढ्दै गएको खाडलले पनि यही तथ्यलाई पुष्टि गरिरहेको छ । अक्सफामकै अर्को प्रतिवेदनले नेपालको कुल १० प्रतिशत धनी व्यक्तिहरूको आय, ४० प्रतिशत गरीब नेपालीको आयभन्दा तीन गुणा बढी देखाएको छ। अनि त्यही १० प्रतिशत धनी व्यक्तिको सम्पत्ति ४० प्रतिशत गरीब नेपालीको भन्दा २६ गुणा बढी छ ।

आर्थिक विकास र असमानता हटाउन नेपालमा धेरैपटक राजनीतिक परिवर्तन भयो, शासन पद्धति फेरियो तर गरीबको जीवन फेरिएन। गरीबलाई धनी बनाउने शासन कहिल्यै आएन । राजनीतिक परिवर्तनले पनि धनीलाई नै अवसर दियो र गरीबलाई पाखा लगायो। पूँजीवादले सधैं धनीहरूलाई प्रश्रय दिइरह्यो भने समाजवादले पनि गरीबको जीवन रूपान्तरण गर्न सकेन। अर्थतन्त्रमा उदाएका उदारवाद र नवउदारवादले पनि धनीलाई नै पोस्ने काम गर्‍यो । हुनत कुनै पनि देशको स्थिरता, सम्प्रभुत्ता, समृद्धि र आपसी सद्भावका लागि त्यहाँका नागरिकको धनी र गरीब तप्काको आर्थिक असमानता कम गर्दै लैजान जरूरी हुन्छ । देशको कुल आम्दानीको वितरण न्यायोचित नहुनु असमानताको प्रमुख कारण हो । यस अनुसार पनि सरकारको अर्थ-सामाजिक विकासको प्राथमिकता असफल भएको र तल्लो तहका नागरिकलाई लाभ दिन नसकेको देखाउँछ । धनी र गरीबबीच साधन र स्रोतको विषमता लगातार बढ्दो छ, त्यसलाई सम्बोधन गर्ने प्रयास पर्याप्त छैन । धनी र गरीबबीचको अन्तर सबै देशमा हुन्छ तर नेपालमा यो भयावह अवस्थामा पुग्दैछ । अर्थ-राजनीतिको असफल प्राथमिकताका कारण एउटा वर्गसँग हरेक खालको विलासिताका लागि पर्याप्त धन उपलब्ध छ, अर्कोतर्फ सीमान्तकृत समूहलाई आधारभूत आवश्यकता पूर्तिका लागि कठिन सङ्घर्ष गर्नुपर्ने अवस्था छ। सञ्चार सुविधाको विकास र विस्तारसँगै अहिले गाउँ गाउँका नेपाली बाँकी विश्वसँग जोडिएका छन्। बाँकी संसारको सम्पर्कबाट उनीहरूमा महत्त्वाकाङ्क्षा फैलँदो छ । मानिस सुधारिएको जीवन माग गरिरहेका छन्। पुस्तौंदेखि बाँच्नकै लागि सङ्घर्ष गरिरहेको परिवारको नयाँ पुस्ताले आफू गरीब हुनुको कारण खोजिरहेको छ।

आम नेपालीको सामाजिक-आर्थिक रूपान्तरणका लागि भनेर ल्याइएको राजनीतिक परिवर्तनले पनि धनी र गरीबबीचको खाडल पुर्ने प्रभावकारी नीति अगाडि बढाउन सकेको छैन। नेपालमा गरीबीको सङ्ख्या १८.७ प्रतिशत भनिए पनि कोरोना महामारीकै कारण थप ७ प्रतिशत गरीबी बढेको अनुमान छ । सङ्घीय शासन प्रणालीमा सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुग्छ र गरीब जनतालाई पनि आर्थिक उन्नतिको अवसर प्राप्त हुन्छ भनियो। गाउँ-गाउँमा सङ्घीय शासन प्रणाली त आयो तर यसले धेरै राजाहरूलाई जन्म दियो, गरीबले गरिखाने अवसर पाएन । गलत अर्थ-राजनीतिका कारण गरीब जनता सधैं गरीब रह्यो। देशको सम्पत्ति राजनीति र शासन पद्धतिमा हालीमुहाली गर्ने सीमित वर्गको हातमा पर्‍यो। राजनीतिक शक्ति जसको हातमा छ, राज्यको साधन र स्रोत पनि उसैको हातमा पर्न गयो। सेवाका रूपमा बुझिएको राजनीति धेरैका लागि पैसा कमाउने पेवा बन्यो । विनालगानी र विनाजोखिम राजनीतिबाटै लाखौं, करोडौं र अर्बौं आम्दानी गर्ने नेताहरू धेरै भए। जति कमाए पनि जसरी कमाए पनि सबै सम्पत्ति वैध बन्यो । हिजोका दिनमा चप्पल लगाएर शहर पसेका नेताहरूको आज अर्बौंको धन-सम्पत्ति थुप्रिंदा पनि के-कसरी र कहाँबाट आयो भनेर खोजीनीति गर्ने कुनै निकाय भएन। यसरी नेपाली जनताबीच धनी र गरीबको खाडल झन्झन् गहिरिंदै र फराकिलो बन्दै गयो । यो असमानताको खाडल बढ्ने क्रम जारी नै छ।

यो खाडल पुर्नका लागि देशमा गरीबी निवारण मन्त्रालय बन्यो । गरीबी निवारण आयोग र गरीबी निवारण कोष पनि बन्यो। तर मन्त्रालय, आयोग र कोष कसैले पनि गरीबी घटाउने सार्थक प्रयास गर्न सकेन। बरु गरीबी निवारण आयोग नै राजनीतिक भर्ती केन्द्र बन्यो, गरीबी निवारण कोष नै भ्रष्टाचारको अखडा बन्यो। नीति निर्माण तहमा बस्ने पदाधिकारी होस् वा राजनीतिक नेतृत्व, सबै शक्तिको आडमा द्रव्य सञ्चयमा तल्लीन भएपछि गरीबी निवारण वा धनी र गरीबबीचको असमानता घटाउने काममा कसैको ध्यान जान सकेन। यसले गर्दा यस्तो असमानताको खाडल दिन/प्रतिदिन बढ्दै गयो। नेपालका केही नागरिक सामान्य रुघाखोकी मात्रै लागे पनि अमेरिका र युरोप गएर उपचार गर्न सक्ने भए । अनि यही देशका केही नागरिकले चाहिं सिटामोल र जीवनजल नै नपाई मर्नुपर्ने अवस्था सिर्जना भयो। यसरी आम्दानी र सम्पत्तिमा असमानता झन् बढ्यो। गरीबी र असमानता हटाउने क्षेत्रमा बजेट वृद्धि गर्नुपर्नेमा धनीलाई सहुलियत प्रदान गर्ने र जनप्रतिनिधि र विशिष्ट पदाधिकारीलाई सुविधा वृद्धि गर्ने काममा मात्रै राज्यको ध्यान केन्द्रित हुँदै आयो। भूमिहीनलाई भूमिमा स्वामित्व प्रदान गर्ने र गरीबको आय वृद्धि हुने काममा राज्य गम्भीर भइदिएको भए गरीब झन् गरीब हुनुपर्ने थिएन होला । शिक्षा र स्वास्थ्यलाई पनि व्यापार बनाएका नवधनाढ्यहरूका कारण गरीबहरू उठ्नै नसक्नेगरी थला परे । यसरी गरीबलाई शोषण गरेर महल खडा गर्ने जनवादीहरू रहुन्जेल मुलुकमा धनी र गरीबबीचको दूरी घट्दैन, बरु बढिरहन्छ। पूँजीवादी अर्थतन्त्रमा श्रमको शोषण हुन्छ भनिन्छ । तर हामीकहाँ समाजवादी राजनीतिक दलहरू सरकारमा हुँदा पनि श्रमको सम्मान गर्ने परिपाटी विकसित हुन सकेको छैन । श्रमकै शोषणले गर्दा तल्लो वर्गको जनता कहिल्यै माथि उठ्न नसक्ने भएको छ। धनीका सन्तान धनी नै हुने र गरीबको सन्तान सधैं गरीब रहने अहिलेको प्रवृत्तिले समाजमा विद्यमान वर्गभेदसमेत कहिल्यै अन्त्य नहुने देखिएको छ।

मुलुकमा आर्थिक असमानता घटाउने, गरीबी हटाउने र देशलाई विकसित र समृद्ध तुल्याउने बलियो आधार भनेको राजनीतिक अधिकारसहितको समावेशी विकास हो। विकासलाई एक बहुआयामिक प्रक्रियाका रूपमा ग्रहण गर्ने हो भने त्यसले रोजगारको अवसर सिर्जना गर्छ । रोजगारले आम नागरिकलाई उत्पादन र विनिमय प्रक्रियामा आबद्ध गराउँछ। आम नागरिक कुनै न कुनै रूपमा उत्पादन र विनिमय प्रक्रियामा आबद्ध भएपछि उसको जीवनशैली र आर्थिक एवं सामाजिक हैसियतमा परिवर्तन आउँछ। यही परिवर्तन नै खासमा विकास र समृद्धिको सूचक हो। मुलुकलाई समृद्धिको यात्रामा अघि बढाउने हो भने यस्तो परिवर्तन अपरिहार्य छ । तर यस्तो परिवर्तन ल्याउनुको सट्टा केही सीमित वर्गले मुलुकमा आर्थिक लुट मचाइरहेका छन् र बजारको नाउँमा गरीब जनताको शोषण गरी पुनः गरीबी बढाइरहेका छन्। यस्तो अवस्थामा आर्थिक असमानता घट्दैन, बरु अझै बढ्छ। देशमा रोजगारको अवसर सिर्जना गर्न सरकार अक्षम भइरहेको बेला वैदेशिक रोजगारले गरीबी नियन्त्रणमा सघाइरहेको छ । वैदेशिक रोजगारमार्फत उल्लेखनीय रेमिट्यान्स आप्रवाह नहुने हो भने गरीबी थप बढ्छ र आर्थिक असमानताको खाडल अझै गहिरिन्छ । त्यसैले आर्थिक असमानता घटाउने प्रतिबद्धता सूचकाङ्कमा देखिएको प्रगतिले हामीलाई कुनै खुशी दिन सकेको छैन । सूचकाङ्कको मुख्य आधार मानिएको सार्वजनिक सेवामा खर्च, प्रगतिशील कर प्रणाली र श्रम अधिकार सुदृढ बनाउन नसकेसम्म आर्थिक असमानता घटाउन सम्भव हुँदैन। आर्थिक असमानता नघटाई 'समृद्ध नेपाल र सुखी नेपाली' को सपना साकार हुन सक्दैन ।

# ठोरीमा प्रधानमन्त्री रोजगार कार्यक्रम सूचीकृतहरूलाई अभिमुखीकरण

प्रस, ठोरी, १९ चैत/

ठोरी गाउँपालिकामा चालू वर्षका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम शुरू भएको छ।




तस्वीरः प्रतीक

कार्यक्रममा आबद्ध सूचीकृत बेरोजगारीहरूलाई पहिलो चरणमा अभिमुखीकरण गर्दै कार्यक्रम प्रारम्भ गरेको ठोरी गापाका रोजगार संयोजक सङ्गम न्यौपानेले बताए । ठोरी गापा-४ मा बुधवार र वडा नं ५ मा बिहीवार सूचीकृत बेरोजगारीहरूले गर्नुपर्ने कामका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम गरिएको संयोजक न्यौपानेले बताए। उनले अभिमुखीकरण कार्यक्रम गापाको ५ वटै वडामा क्रमशः सञ्चालन गरिने जानकारी गराए ।



ठोरीमा सामुदायिक विकास निर्माणका लागि यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध सूचीकृत बेरोजगारीहरूले काम गर्ने बताइएको छ। पालिकाभित्र रहेको बाटो मरम्मत, खानेपानी पाइपलाइनको मरम्मतलगायतका कामहरू पनि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अगाडि बढाइने गापाले जनाएको छ । यसैगरी, गापासँग साझेदारीमा नदी नियन्त्रणका लागि गरिने तटबन्ध निर्माण कार्यक्रममा पनि बेरोजगारी परिचालन गरिने संयोजक न्यौपानेले बताए । ठोरी गापामा चालू आव २०७७/०७८ मा १४० जना सूचीकृत बेरोजगारीले एक सय दिन बराबर ज्याला पाइने व्यवस्थापन गरिएको संयोजक न्यौपानेले जानकारी गराए ।

# भारतीय राजदूतावासद्वारा हुलाकी सडकखण्डको १३ वटा प्याकेजको सडक हस्तान्तरण

प्रस, वीरगंज, १९ चैत/

भारत सरकारको आर्थिक सहयोगमा नेपालको तराई क्षेत्रमा निर्मित हुलाकी सडकखण्डको १४ वटा प्याकेजमध्ये १३ वटा प्याकेजको सडक निर्माण गरी हस्तान्तरण गरिएको छ।

भारतीय राजदूत विनयमोहन क्वात्राले भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङलाई हुलाकी सडकका १३ वटा प्याकेज हस्तान्तरण गरेका हुन् । तराई क्षेत्रका सडक पूर्वाधारलाई स्तरोन्नति गर्ने सन्दर्भमा भारत-नेपालबीच सहमतिअनुरूप निर्मित हुलाकी सडकका १३ वटा प्याकेजको काम सम्पन्न भएर हस्तान्तरण गरिएको नेपालस्थित भारतीय राजदूतावासको कार्यालयले जनाएको छ।

प्रदेश नं १, २, ५ का सात सीमावर्ती जिल्लामा अवस्थित यी सडकहरूले २८४ भन्दा बढी वडा, १४९ वटा गाउँ, १८ वटा गाउँपालिका, १८ वटा नगरपालिका, एक उपमहानगरपालिका र एक महानगरपालिकाका जनतालाई जोड्न सघाउ पुर्‍याएको भारतीय राजदूतावासले जनाएको छ । हुलाकी सडक अन्तर्गत



तस्वीर सौजन्यः भारतीय राजदूतावास

मनमत-कलैया-मटिअर्वा, वीरेन्द्रबजार-यदुकुहा-महिन्थपुर, जनकपुर-यदुकुहा धनुषा, माईस्थान-गौशालाबजार-सम्सी महोत्तरी, जलेश्वर-हर्दी महोत्तरी, लमही-कोइलाबास दाङ, कानेपोखरी-रङ्गेली मोरङ, कल्याणपुर-बरसाइ-सुभ्रानपट्टि सप्तरी, तामागढी-सिम्रौनगढ बारा, वीरगंज-ठोरी पर्सा छन् ।

हुलाकी सडकको १४ वटा प्याकेजमध्ये १३ वटाको निर्माण सम्पन्न गरी हस्तान्तरण गरिएको भएपनि केही स्थानमा काम सम्पन्न नभएको भन्दै विरोध शुरू भएको छ। वीरगंज-ठोरी करीब ५६ किलोमिटर सडकखण्डमध्ये अधिकांश सडक निर्माण हुन बाँकी भएको र सोको हस्तान्तरण गरिएकोमा विरोध गरिएको छ।

सांसद लक्ष्मणलाल कर्णले ठोरी गापा-२ को इप्रका पोखरियादेखि वडा नं १ चौतारासम्म ६-७ किलोमिटर सडकको निर्माण कार्य रोकिएकोमा यथाशीघ्र सञ्चालनमा ल्याउन माग गरेका छन् । उनले चितवन राष्ट्रिय निकुञ्जले निर्माण कार्य अवरोध गरेकोमा दुःख व्यक्त गर्दै सरकारलाई अविलम्ब सो कार्य सुचारु गराउन माग गरेका छन् ।



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## पश्चिम बङ्गालमा चुनाव, हिंसात्मक झडपमा दुईजनाको मृत्यु

नन्दीग्राम, भारत, १९ चैत/एएफपी

भारतको पश्चिम बङ्गाल राज्यमा

तस्वीरः एएफपी



भएको चुनावी हिंसात्मक झडपमा परी बिहीवार मध्याहनसम्म दुईजनाको मृत्यु भएको छ। पश्चिम बङ्गालमा विधानसभाको लागि बिहीवार दोस्रो चरणको मतदान भइरहेको छ।

ठूलठूला भेला हुन प्रतिबन्ध लगाइए पनि बङ्गाल राज्यको सत्तारूढ त्रिणमुल कङ्ग्रेस र भारतीय जनता पार्टी (भाजपा)का कार्यकर्ताहरूबीच ठाउँठाउँमा झडप भएका छन्।

राजनीतिक हिंसा र हत्या जस्ता काण्डबाट गुज्रिरहेको पश्चिम बङ्गालमा प्रधानमन्त्री नरेन्द्र मोदी एवं उनको दल भारतीय जनता पार्टी र पश्चिम बङ्गालकी मुख्यमन्त्री एवं त्रिणमुलकी अध्यक्ष ममता बनर्जीबीच आरोप–प्रत्यारोप जारी छ।

बङ्गालको नन्दीग्राम शहरमा खासगरी दुवै पक्षबीच कडा प्रतिस्पर्धा छ, र यहाँको वातावरण पनि निकै तनावग्रस्त छ। प्रधानमन्त्री मोदीकी कट्टर आलोचक ममता बनर्जी यही नन्दीग्रामबाट उठेकी छन्। गत वर्ष भाजपाका नेतालाई पराजित गरेका त्रिणमुल कङ्ग्रेसका नेता यसपटक ममता बनर्जीलाई छाडेर भाजपाबाट चुनाव लड्नु भएपछि वातावरण अझ तनावग्रस्त बनेको छ।

बिहीवार नन्दीग्रामको मतदान केन्द्रबाहिर भेला भएका ठूलो सङ्ख्याका बनर्जीको पार्टी त्रिणमुल कङ्ग्रेस र भाजपाका समर्थक कार्यकर्ताबीच झडप भएको हो। निर्वाचन आयोगले चारजनाभन्दा बढी व्यक्ति एक ठाउँमा भेला हुन प्रतिबन्ध लगाए पनि दुवै दलले त्यसलाई अवज्ञा गरेका छन्।

पश्चिम बङ्गालमा आठ चरणमा मतदान हुँदैछ र सुरक्षा व्यवस्था निकै कडा पारिएको छ। आगामी अप्रिल २९ मा अन्तिम चरणको चुनाव हुनेछ। बिहीवार भइरहेको दोस्रो चरणको चुनावमा नन्दीग्रामसहित ३० वटा निर्वाचन क्षेत्र रहेका छन्।

नौ करोडभन्दा बढी जनसङ्ख्या रहेको पश्चिम बङ्गालमा करीब सात करोड ३० लाख योग्य मतदाता रहेको निर्वाचन आयोगले जनाएको छ। मतगणना आगामी मे २ मा हुनेछ।

भारतमा हाल पश्चिम बङ्गालसहित असम, केरला, तमिलनाडु र पोन्डेचरीमा विधानसभाको चुनाव हुँदैछ।

असम राज्यमा तीन चरणमा निर्वाचन हुनेछ, जसको दोस्रो चरणको चुनाव आज हुँदैछ। रासस

## भारतबाट सामान आयात गर्न पाकिस्तानको तयारी

इस्लामाबाद, १९ चैत/एएफपी

पाकिस्तान र भारतबीचको सम्बन्ध पछिल्ला केही वर्षदेखि निकै तिक्ततापूर्ण रहे पनि पाकिस्तानले भारतबाट सीमित परिमाणमा चिनी, कपास र गहुँ आयात गर्न पुनः अनुमति दिने घोषणा गरेको छ।

पाकिस्तान सरकारले भारतबाट पाँच लाख टन चिनी खरीद गर्ने गरी बुधवार अबेर निर्णय गरेको जनाएको थियो। सरकारको यस कदमले पाकिस्तानमा चिनीको बढ्दो मूल्यवृद्धिलाई २० प्रतिशतसम्म घटाउन सक्ने अनुमान गरिएको छ। चाँडै आउन लागेको रमजान महिनामा चिनीको उपभोग अरू बढ्ने भएपछि पाकिस्तान सरकारले यस्तो निर्णय लिएको हो।

साथै भारतबाट करीब ३० लाख टन गहुँ पनि खरीद गरिनेछ भने कपास र धागोको परिमाण भने खुलाइएको छैन।

पाकिस्तानको अर्थतन्त्र पहिल्यैदेखि मन्दीको अवस्थाबाट गुज्रिरहेको छ, र कोरोना भाइरसको तेस्रो लहरका कारण देशका विभिन्न स्थानमा आंशिक लकडाउन गर्नुपरेकाले अर्थतन्त्रमा थप तनाव अरू बढाएको छ।

भारतले काश्मीरलाई दिइआएको विशेष दर्जा हटाएसँगै सन् २०१९ देखि पाकिस्तानले भारतसँगको व्यापार र कूटनीतिक सम्बन्ध निलम्बन गरेको थियो। दुवै मुलुकले आआफ्ना वरिष्ठ कूटनीतिज्ञलाई फिर्ता बोलाउनुका साथै कन्सुलर कर्मचारीलाई देश निकाला वा फिर्ता गरिएको थियो।

तर पछिल्लो केही समयदेखि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानी प्रधानमन्त्री इमरान खानबीच पत्र आदानप्रदान भएका छन्। दुवै देशको साझा नदीका रूपमा रहेको इन्दु नदीको प्रयोगका सन्दर्भमा दुवै देशका वरिष्ठ अधिकारीहरूबीच वार्ता पुनः थालनी भएको छ।

ब्लूमबर्गले गत साता प्रकाशन गरेको एक समाचारमा युनाइटेड अरब इमिरेट्स (युएई)ले दुवै देशबीच वार्ता गराउन मध्यस्थता गर्ने जनाएको थियो।

काश्मीर मामिलामा नयाँ दिल्लीको अडानमा कुनै परिवर्तन नआउँदै भारतसँग व्यापार किन खोल्न लागिएको भनी बुधवार सोधिएको प्रश्नमा पाकिस्तानी अर्थमन्त्री हमाद अजहरले जनताको भलाइका लागि सरकारले निर्णय गर्ने बताए।

पाकिस्तानी अर्थशास्त्री फारुख सलीमले भारतसँगको व्यापार सम्बन्ध तोड्ने पाकिस्तान सरकारको निर्णय भावनात्मक रहेको बताउँदै अहिले व्यापार पुनः शुरू गर्नु आर्थिक बाध्यता हो भने।

अजहरले अर्थ मन्त्रालयको कार्यभार मङ्गलवार मात्र ग्रहण गरेका थिए। प्रधानमन्त्री खानले पूर्वअर्थमन्त्रीले बढ्दो मुद्रास्फीति रोक्न नसकेको आरोप लगाउँदै अर्थमन्त्रीलाई बर्खास्त गरेका थिए।

यसैबीच, अन्तर्राष्ट्रिय मुद्राकोषले पाकिस्तानलाई उपलब्ध गराउने भनिएको ६ अर्ब डलर स्वीकृत गरेको छ। कोरोना भाइरस महामारी शुरू भएपछि उक्त रकम रोक्का गरिएको थियो। यसै साता कोषले ५० करोड डलर पाकिस्तानलाई उपलब्ध गराएको छ।

पाकिस्तानमाथि करीब ११४ अर्ब डलर विदेशी ऋणभार छ। यो रकम पाकिस्तानको कुल गार्हस्थ्य उत्पादनको ८५ प्रतिशतभन्दा बढी हो। रासस

## फ्रान्समा कोरोनाको सङ्क्रमण बढेपछि फेरि लकडाउनको घोषणा

पेरिस १९ चैत/सिन्हुवा

फ्रान्समा कोरोना भाइरसको सङ्क्रमण थप बढ्दै गएपछि फेरि लकडाउनको घोषणा गरिएको छ। कोरोना भाइरसको सङ्क्रमण तीव्र गतिमा बढ्न थालेपछि राष्ट्रपति इम्यानुएल म्याँक्रोले फ्रान्समा यो तेस्रोपटक लकडाउनको घोषणा गरेको फ्रान्सका समाचारमाध्यमहरूले जानकारी दिएका छन्।

उनले गत राति सो कुराको घोषणा गरेका हुन्। राष्ट्रपति म्याँक्रोले देशैभरिका प्राथमिक तहका विद्यालयहरू तीन हप्ताका लागि बन्द हुने घोषणा गरेका छन्। उनले राष्ट्रिय टेलिभिजन प्रसारणबाट घोषणा गर्दै भनेका थिए– यदि अहिलेकै अवस्था कायम रह्यो भने यसले सिङ्गो युरोपमा भन्दा पनि हामीलाई बढी प्रभावित पार्नेछ, त्यसैले लकडाउनको कुनै विकल्प देखिएको छैन।

उनले तीन हप्ताका लागि सम्पूर्ण देशवासीलाई धैर्य गरेर आफ्नो ख्याल गर्न भनेका छन्। यसका लागि सरकारले आवश्यक परेको सहयोग गर्ने उनले सो सम्बोधनका क्रममा बताएका थिए।

कोरोना भाइरस महामारीको शुरूमा युरोपमा अति प्रभावित हुने मध्येको फ्रान्समा यसअघि पनि दुईपटकसम्म लकडाउन भएको थियो। त्यो बेला दुई महिना लकडाउन लागू भएको थियो।

पछिल्लो समय महामारीको तेस्रो लहरबाट प्रभावित भएको फ्रान्सका राष्ट्रपति म्याँक्रोले टेलिभिजन सम्बोधनमार्फत शनिवारदेखि लागू हुने गरी पुनः लकडाउन गर्ने घोषणा गरेका हुन्। यसपटकको लकडाउन कम्तीमा तीन हप्ताका लागि गरिएको बताइएको छ। लकडाउनमा मानिसहरूलाई अत्यावश्यक कामका लागि मात्र टाढाको यात्रा गर्न र कार्यालय समयमा निकै सतर्कता अपनाउन भनिएको छ।

फ्रान्समा पछिल्लो दिनमा कोभिडका कारण ज्यान गुमाउनेको सङ्ख्या करीब ६ महिनायताकै धेरै देखिएको पनि बताइएको छ। फ्रान्स, जर्मनी, बेल्जियम, बेलायतसहित युरोपेली देशमा पछिल्लो समय पुनः सङ्क्रमण तीव्र गतिमा बढिरहेको छ। लकडाउनको घोषणासँगै युरोपको वित्त बजारका साथसाथै आर्थिक अवस्थामा पनि नराम्रो अवस्था देखिने अनुमान गरिएको छ।

### भारतमा कोरोना भाइरसबाट एकै दिनमा ४५९ जनाको मृत्यु

नयाँ दिल्ली, १९ चैत/सिन्हुवा

भारतमा कोरोना भाइरस सङ्क्रमणबाट एकै दिनमा ४५९ जनाको मृत्यु भएको छ। एकै दिनमा कोरोनाबाट ४५९ जनाको मृत्यु हुनु यस वर्ष शुरू भएयताको नै सबैभन्दा धेरै सङ्ख्या भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीवार जानकारी दिएको छ।

बुधवार कोरोनाबाट ४५९ जनाको मृत्यु भएपछि यहाँ यस प्रकोपको कारण ज्यान गुमाउनेको सङ्ख्या एक लाख ६२ हजार ९२७ जना पुगेको उक्त मन्त्रालयले जनाएको छ। गत जनवरीमा कोरोना सङ्क्रमितको दैनिक सङ्ख्या १० हजारभन्दा कम भएको थियो। रासस

## एक महीनामा भित्रिए १५ हजार विदेशी नागरिक

काठमाडौं, १९ चैत/रासस

कोरोना महामारी र लामो समयको



धनकुटामा रमाउँदै भारतीय पर्यटक। तस्वीरः प्रतीक

बन्दाबन्दीपछि नेपालमा पर्यटन गतिविधि सहज हुन थालेको छ।

कोरोना महामारीका कारण नेपाल सरकारले गरेको बन्दाबन्दीपछि हालसम्मकै सबैभन्दा धेरै विदेशी पर्यटक मार्च महीनामा नेपाल भित्रिएका छन्।

अध्यागमन विभागले सार्वजनिक गरेको मार्च महीनाको तथ्याङ्क अनुसार एक महीनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै विभिन्न १३८ देशबाट १४ हजार ९७७ विदेशी नागरिक नेपाल भित्रिएका छन्। तीमध्ये ११ हजार दुई पुरुष र तीन हजार ९६३ महिला र १२ अन्य नागरिक रहेका छन्।

विभागको तथ्याङ्क अनुसार एक महीनामा सबैभन्दा धेरै भारतबाट सात हजार ६५८ पर्यटक नेपाल भित्रिएका छन्। जसमा छ हजार १६९ पुरुष, एक हजार ४७७ महिला र १२ अन्य नागरिक रहेका छन्। यसैगरी, चीनबाट एक हजार २०७ पर्यटक नेपाल भित्रिएका छन्। जसमा एक हजार २९ पुरुष र १७८ महिला रहेका छन्।

एक महीनामा अमेरिकाबाट एक हजार ५६ पुरुष र ६४७ महिला गरी एक हजार ७०३ विदेशी पर्यटक नेपाल भित्रिएका छन्।

विभागको तथ्याङ्क अनुसार गत जनवरीमा आठ हजार ८७४ र फेब्रुअरीमा नौ हजार १४६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए। गत फेब्रुअरीको तुलनामा मार्च महीनामा झन्डै पाँच हजार बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन्।

यसैगरी, एक महीनामा नौ हजार ५८७ विदेशी पर्यटक स्वदेश फर्किएका छन्। जसमा छ हजार ६६३ पुरुष, दुई हजार ९१३ महिला र ११ अन्य नागरिक रहेका छन्। यस्तै, एक महीनामा ४९ हजार पाँच नेपाली विदेश गएका छन्। जसमा चालीस हजार ५६ पुरुष, आठ हजार ८४८ महिला र एक अन्य नागरिक रहेका छन्। एक महीनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै ७१ हजार २७० जना नेपाल भित्रिए भने ५८ हजार ५९२ जना बाहिरिएका छन्।

## कृषि सहकारीको क्षमता विकास तालीम सम्पन्न

प्रस, ठोरी, १९ चैत/

ठोरी गाउँपालिकास्थित घ्याङडाँडामा तीन दिने कृषि सहकारीहरूको क्षमता विकास तालीमको बिहीवार समापन भएको छ।

नवदय बिहानी तालीम तथा परामर्श केन्द्र प्रालि वीरगंजको आयोजनामा सञ्चालित क्षमता विकास तालीम आज सम्पन्न भएको आयोजकले जनाएको छ।

ठोरीका कृषि सहकारीहरूको क्षमता विकास र संस्थागत विकासका तरीकाहरूसम्बन्धी जानकारी दिने उद्देश्यले तालीमको आयोजना गरिएको आयोजकले जनाएको छ।

ठोरीका कृषि सहकारीका सञ्चालक प्रतिनिधिहरूको सहभागिता रहेको तालीममा परामर्श केन्द्रका नरेशकुमार जैसवाल, चन्दन भैया थारू र ज्योति कलवारले सहभागीहरूलाई प्रशिक्षण दिएका थिए।

## लालपुर्जा पाएपछि घरवासी दङ्ग

महोत्तरी, १९ चैत/रासस

कैयौं वर्षदेखि आफ्नो जग्गा छ भन्न नपाएका महोत्तरीको मटिहानी नगरपालिका–१ का गरीब घरजग्गाको लालपुर्जा पाएपछि दङ्ग भएका छन्। पहिलेको धिरापुर गाविसमा पर्ने (हाल मटिहानी–१) का सिरसिया र धिरापुरका घरवासी बुधवार आफ्नो नाउँमा जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) पाएर दङ्ग भएका छन्।

"लाग्छ, जिन्दगीमा ठूलै कुरा पाएका छौं," बुधवार नापी कार्यालय महोत्तरी जलेश्वरले दिएको जग्गाधनी प्रमाणपुर्जा देखाउँदै मटिहानी–१ का ७० वर्षीय बिल्टु मण्डलले भने, "अब आफ्नै जग्गामा घर छ भन्नेमा ढुक्क भएका छौं।" नापी कार्यालय महोत्तरीले एक दशकअघि नापी गरिएको सिरसिया र धिरापुर बस्तीका गाउँब्लकभित्रका १६३ घरधुरी धनीलाई बुधवार जग्गाधनी प्रमाणपुर्जा प्रदान गरेपछि यी दुवै बस्तीमा खुशी छाएको हो। नापी कार्यालय महोत्तरीले जग्गाधनी प्रमाणपुर्जामा घरधनी मूलीको निधन भए पत्नीका नाउँमा र दुवै (पति/पत्नी) जीवित भए दुवैको संयुक्त नाउँ उल्लेख गरेपछि महिलामा पनि घरजग्गाको स्वामित्व स्थापित भएको छ। यसले महिलामा आत्मगौरव बढाएको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल बताउँछन्।

नापी कार्यालय महोत्तरीले चालू आर्थिक वर्ष २०७७/०७८ को हालसम्मको अवधिमा यसअघिका लक्ष्मीनियाँ, बलवा गाविसमा घरवासीलाई गाउँब्लकको जग्गाधनी प्रमाणपुर्जा वितरण गरिसकेको छ। पछिल्लोपटक धिरापुरसहित जम्मा ९०० जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिएको नापी कार्यालय महोत्तरी जलेश्वरका प्रमुख राकेशकुमार झाले जानकारी दिए। कार्यालयले जारी चैत महिनाभित्रै यसअघिका किसाननगर, पशुपतिनगर र मनरा गाविसका गाउँब्लकभित्रको जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने जनाएको छ।

साबिक गाउँब्लकका जग्गा नाप गरी जग्गाधनी प्रमाणपुर्जा प्रदान गर्न एक दशकअघि नै नापी टोली खटाइ घरजग्गा नाप गरिएको थियो। लामो समयसम्म वितरण हुन नसकेको जग्गाधनी प्रमाणपुर्जा कार्यालयले क्रमशः वितरण गर्दै लगेको हो।

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – यात्रालाभ |
| मिथुन – अलमल | कर्कट – चोरभय |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – कान्तिक्षय | वृश्चिक – सुयश |
| धनु – व्यर्थभ्रमण | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – अस्वस्थता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### लोकसेवाको तयारी

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)

शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE

Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300


## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनसम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मिति : २०७७/१२/२० गते**

२ नं. प्रदेश बारा जिल्ला जीतपुरसिमरा उपमहानगरपालिकास्थित **जय नेपाल बालुवा प्रशोधन उद्योग**द्वारा देहायबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | जय नेपाल बालुवा प्रशोधन उद्योग, जीतपुरसिमरा उपमहानगर वडा नं ३ |
| प्रस्तावकको बेहोरा | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेलबाट बालुवा प्रशोधन कार्य |
| प्रभाव पार्न सक्ने क्षेत्र | वडा नं ३ वरपरका क्षेत्रहरू |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा जैविक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरूबीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकीन गर्न जीतपुरसिमरा उपमहानगरपालिका ३ नं वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र देहायमा उल्लिखित ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुनु अनुरोध गरिन्छ।

**प्रस्तावकको नाम र ठेगानाः जय नेपाल बालुवा प्रशोधन उद्योग, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ३**

**परामर्शदाताको नाम र ठेगाना : चित्रांश मल्टिसपोर्ट कन्सल्टेन्सी प्रा. लि., पुल्चोक, ललितपुर,** chitranshmulticonsult@gmail.com

# नगरप्रमुख सरावगीद्वारा जेहेन्दार छात्रालाई सहयोग

प्रस, वीरगंज, १९ चैत/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले जेहेन्दार छात्रालाई आर्थिक सहयोग प्रदान गरेका छन्।

नगरप्रमुख सरावगीले मेयर कल्याणकारी कोषबाट बिहीवार सहयोग प्रदान गरेका हुन्।

महानगर प्रमुख सरावगीले सिद्धार्थ माध्यमिक विद्यालय वीरगंजमा कक्षा ८ मा अध्ययनरत छात्रा कुलसुम खातुनलाई २५ हजार रुपैयाँको चेक हस्तान्तरण गरे।

वीरगंज–२३ सबैठवा निवासी खातुन जेहेन्दार विद्यार्थी भएको तर उनको आर्थिक अवस्था कमजोर रहेकोले सहयोग गरेको प्रमुख सरावगीले बताए।


कुलसुमलाई चेक प्रदान गर्दै महानगर प्रमुख विजय सरावगी।

महानगरपालिकाबाट आफूले पाउने पारिश्रमिकबापतको रकम मेयर कल्याणकारी कोषमा जम्मा गरेको र सोही रकममध्येबाट कुलसुमलाई सहयोग प्रदान गरिएको नगरप्रमुख सरावगीको सचिवालयले जनाएको छ।

# खेलकूदको संसार

## रारा गोल्डकप शनिवारदेखि आठ टोलीले उपाधिका लागि स्पर्धा गर्ने

कास्की, १९ चैत/रासस

मोफसलको प्रतिष्ठित 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरक्लबस्तरीय आमन्त्रित रारा गोल्डकप फूटबल प्रतियोगिता' चैत २१ गते शनिवारदेखि शुरू हुने भएको छ।

आयोजक सहारा क्लब पोखराले बिहीवार पत्रकार सम्मेलन आयोजना गरी प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। 'खेलकूदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकूद पर्यटन शहरका रूपमा स्थापित गरौं' भन्ने उद्देश्यसहित आयोजना गरिएको प्रतियोगितामा एक विदेशीसहित आठ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने क्लबका अध्यक्ष केशवबहादुर थापाले बताए।

उनका अनुसार प्रतियोगिताको उद्घाटन खेल शनिवार आयोजक सहारा क्लब पोखरा र सशस्त्र प्रहरीको एपिएफ




क्लबका बीचमा हुनेछ। प्रतियोगितामा सहारा र एपिएफसहित नेपालका 'ए' डिभिजनका क्लबहरू मनाङ मर्स्याङ्दी, नेपाल पुलिस क्लब, रुस्लान थ्रीस्टार, सङ्कटा क्लब र मच्छिन्द्र क्लबले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। विदेशी टोली अफ्रिकन रूट एशोसिएशन, डउला क्यामरुन सहभागी हुनेछन्। प्रतियोगिताको विजेता टोलीले रु १० लाख एक हजार तथा उपविजेताले रु पाँच लाख एक हजारसहित ट्रफी पुरस्कार प्राप्त गर्नेछन्।

यसैगरी, यस वर्षदेखि राजनीतिज्ञ एवं उद्योगपति सूर्यबहादुर केसीको स्मृतिमा प्रतियोगिताका उत्कृष्ट गोलकीपर, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकलाई जनही रु २५ हजार नगदसहित पुरस्कृत गरिने क्लबका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिए।

**सर्वोत्कृष्ट राष्ट्रिय फूटबल खेलाडी सम्मान अभिषेकलाई**

यस वर्षको 'सर्वोत्कृष्ट राष्ट्रिय फूटबल खेलाडी २०७७' सम्मानबाट राष्ट्रिय टोलीका महत्त्वपूर्ण सदस्य अभिषेक रिजाललाई पुरस्कृत गरिने भएको छ। राष्ट्रिय टोलीमा रहेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फूटबल प्रतियोगितका माध्यमबाट देशको नाम चिनाउन सफल भएकामा उनलाई नगद रु ३५ हजार, प्रमाणपत्र र दोसल्लाबाट सम्मान गरिने आयोजकले जनाएको छ। प्रतियोगिताको उद्घाटनका अवसरमा रिजाललाई सो सम्मान गरिने क्लबले जनाएको छ।

प्रतियोगिताको आकर्षकका रूपमा रहेको निर्णायक ट्रफी (रेफ्री), वेस्ट अफ फाइभ ट्रफी, मेन अफ दि म्याच ट्रफी, सर्वोत्त्कृष्ट खेलाडी ट्रफी, फेयर प्ले ट्रफी एवं खेलाडी मेडललगायत म्यान अफ दि म्याच नगद पुरस्कार सहारा युकेले उपलब्ध गराएको छ। पर्यटकीय शहर पोखरालाई 'स्पोर्टस हब सिटी'का रूपमा परिचित गराउँदै नवप्रतिभावान् फूटबल खेलाडीलाई आफ्नो खेल कौशल प्रदर्शन गर्ने उचित अवसर प्रदान गर्ने लक्ष्यसहित प्रतियोगितालाई निरन्तरता दिइएको क्लबले जनाएको छ।

क्लबले कोरोना न्यूनीकरणका लागि सरकारबाट निर्देशित मापदण्डको पूर्ण पालना गरिने र गण्डकी प्रदेश खेलकूद परिषद्को सहयोगमा प्रत्येक दिन दर्शकहरूलाई निश्शुल्क मास्कको व्यवस्था गरिएको बताइन्छ। सहाराले प्रतियोगिताबाट बचत रकम क्लबबाट सञ्चालित सहारा फूटबल एकेडेमीमा खर्च गर्दै आएको छ। हाल तेस्रो ब्याचको एकेडेमीमा १४ जिल्लाका २४ बालक आश्रित छन्। एकेडेमीमा उनीहरूले निश्शुल्क शिक्षा, दीक्षालगायत फूटबल प्रशिक्षण गर्दै आएका छन्।

# गहुँखेतमा १२ किलो गाँजा भेटियो

प्रस, रौतहट, १९ चैत/

जिल्ला प्रहरी कार्यालय, रौतहटले साढे २६ किलो गाँजा बरामद गरेको छ।


गहुँखेतमा भेटिएको गाँजा बरामद गर्दै प्रहरी। तस्वीर सौजन्यः जिप्रका, रौतहट

गौर नगरपालिका–४ टिकुलियाको खेतबाट १२ किलो गाँजा बरामद गरेको छ।

ब्यागभित्र राखिएको अवस्थामा सूचनाको आधारमा गाँजा बरामद गरिएको रौतहट प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले बताए। उनले गहुँखेतमा रहेको ब्यागभित्र गाँजा बरामद भएको र सो सम्बन्धमा अनुसन्धान भइरहेको बताए।

यसैगरी, पटेर्वासुगौली गाउँपालिकाबाट प्रहरीले बुधवार साँझ पटेर्वासुगौली गापा–२ अखवा टोल बस्ने रामेश्वर पञ्जियारको घरबाट प्रहरीले सो परिमाणको गाँजा बरामद गरेको थियो। पञ्जियारको घरमा दुईवटा हरियो प्लास्टिकको डिब्बामा राखिएको साढे २६ किलो गाँजा, गाँजा च्याप्ने मेशिन १ थान र ढक–तराजू बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले जानकारी दिए। फरार भएका पञ्जियारको खोजी भइरहेको प्रनाउ कार्कीले बताए।

# इप्रका सिमराको सेवा प्रभावी

प्रस, जीतपुर, १९ चैत/

इलाका प्रशासन कार्यालय, सिमरा बाराको काम कारबाई तथा सेवाले गर्दा जीतपुरसिमरा उपमहानगरपालिका र निजगढ नगरपालिकाका व्यवसायी, बासिन्दा लाभान्वित भएका छन्।

यस क्षेत्रका व्यवसायी, बासिन्दाहरूले आफ्नो काम गराउन सदरमुकाम जिल्ला प्रशासन कार्यालय, कलैयामा धाउनुपर्थ्यो तर अहिले सिमराबाट उनीहरूले सेवा पाउँदै आएका छन्।

इलाका प्रशासन कार्यालय सिमराका प्रमुख लक्ष्मण ढकालका अनुसार २०७७ फागुन मसान्तसम्म ५८२ जनालाई नागरिकता वितरण गरिएको बताए। उनले १८ जनालाई वैवाहिक अङ्गीकृत नागरिकता, १९५ जनालाई नागरिकताको प्रतिलिपि र ११२ जनालाई राहदानी सिफारिश गरिएको बताए।

त्यस्तै, १० जना सेवाग्राहीको शान्ति सुरक्षासम्बन्धी निवेदन फर्छ्योट, ३३ जना जनजाति, दलित, मधेसी प्रमाणितलगायतका सिफारिश र तीनजना नाबालकलाई प्रमाणपत्र जारी गरिएको बताए। साथै इप्रका सिमराबाट राहदानी (पासपोर्ट) र संस्था दर्ता नवीकरण गर्ने तयारी भइरहेको प्रमुख ढकालले जानकारी गराए।




# सालको गोलिया बरामद

प्रस, बिरुवागुठी, १९ चैत/

सखुवाप्रसौनी गाउँपालिका–१ औराहाबाट बिहीवार बिहान वनगस्ती टोलीले छापामारी गरी दुई थान सालको गोलिया बरामद गरेको छ।

सबडिभिजन वन कार्यालय बडनिहारको गस्ती टोलीले जङ्गलबाट काठ तस्करी गरी गाउँमा चिरान गरिरहेको आधारमा छापामारी गर्दा १५ क्युफिट सालको गोलिया, आरा बरामद गरेको जमदार अर्जुन चौधरीले जानकारी गराए। वनगस्तीलाई देखेपछि काठ तस्करहरू फरार भएको र काठ तथा आरा मनवा रेन्जपोस्टमा राखिएको जमदार चौधरीले बताए।


तस्वीरः प्रतीक

# फरार सूचीमा रहेका कुर्मी पक्राउ

प्रस, कलैया, १९ चैत/

कर्तव्य ज्यान मुद्दामा अदालतबाट सजाय भएपछि फरार सूचीमा रहेका कलैया उपमहानगरपालिका–४ बस्ने २८ वर्षीय उमेशकुमार कुर्मीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

बारा प्रहरीका प्रवक्ता प्रनाउ गौतम मिश्रले २०७५/३/२८ गते बारा जिल्लाको फैसला अनुसार १० महीना ७ दिन कैद सजाय भएपछि फरार रहेका कुर्मीलाई गाउँघरमा लुकेर बसेको अवस्थामा चैत १८ गते पक्राउ गरेको र अदालतमा पेश गरी कैद भुक्तानको लागि वीरगंज कारागार पठाएको बताए।


उमेश कुर्मी। तस्वीर सौजन्यः जिप्रका बारा

